
कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ आश्विन ०१ गते बिहिबार

वर्ष १ अंक ८












# कोभिड -१९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक

## मिति २०७७ /०५ /०४ गतेको निर्णयहरु

१. सरुवा भई यस मुस्ताङ्ग जिल्ला आउनु भएका प्रमुख जिल्ला अधिकारी श्री हिरादेवी पौडेल ज्युलाई CCMC को सदस्यको रुपमा स्वागत गरियो ।

२. बिश्वभर महामारीको रुपमा फैलिदै गएको कोभिड १९ को रोकथामको लागि हालसम्म क्रियाशिल रहेको स्थानीय तहलाई थप सक्रिय बनाउन अनुरोध गर्ने ।

३. मठ मन्दिर देव देवालयमा नियमित नित्य आरती बाहेक अन्य पुजा आजा बन्द गर्ने, अन्य चाडपर्व तथा धार्मिक क्रियाकलाप नगर्न नगराउन सम्बन्धित सबै पक्षलाई जानकारी गराउने लगायत नेपाल सरकार(म.नं.)को निर्णय कडाईका साथ कार्यान्वयन गर्ने ।

४. स्थानीयवासी तथा राष्ट्र सेवक कर्मचारी तथा सर्वसाधारण अत्यावश्यक काम परेमा जिल्ला प्रवेश गर्दा,बाहिरिदा अनिवार्य रुपमा अनुमति लिनु पर्ने छ । जिल्ला प्रवेश गर्ने सबै अनिवार्य १४ दिन क्वारेन्टाईनमा रहने गरी मात्र अनुमति दिने ।

५. होम क्वारेन्टाईन तथा सेल्फ क्वारेन्टाईनको नियमित स्थानीय CCMC ले अनुगमन गर्ने ।

६. कोरोना संक्रमित व्यक्तिको मृत्यु हुन गएमा शव दाहसस्काको लागि कुन कुन स्थान उपयुक्त हुने हो सो स्थान तोकी पठाउनको लागि सबै गाँउपालिकाहरुलाई अनुरोध गर्ने ।

७. गृह मन्त्रालयको च.नं. ४०५ मिति २०७७/४/२९ को पत्रानुसार नेपाल सरकारले तोकेको मापदण्ड तथा बिषयगत मापदण्ड पुरा गरे नगरेको अनुगमन गर्न जिल्लास्तरमा निम्न बमोजिमको अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| क. सहायक प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख. जि.स.स.को कार्यालयको अधिकृतस्तर प्रतिनिधि | सदस्य |
| ग. सुरक्षा निकायका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| घ. अनुगमन गरिने बिषयसंग सम्बन्धित जिल्ला स्थित कार्यालय प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| ङ. मुस्ताङ जिल्ला अस्पतालको स्वास्थ्यकर्मी | सदस्य |
| च. सम्बन्धित स्थानीय तहको प्र.प्र.अ. | सदस्य |

८. जिल्लामा कार्यरत राष्ट्रसेवक कर्मचारीमा पनि कोरोना संक्रमण देखीएमा जिल्लामा स्थापना गरीएको आईसोलेशनमा राख्ने ।

९. बिद्यालयहरुमा रहेका क्वारेन्टाईन सेन्टर हटाई अन्यत्र व्यवस्था गर्न नेपाल सरकारले हालै गरेको निर्णययानुसार सबै स्थानिय तहमा रहेका आमा समुह,महिला समुह, सामाजिक संघ संस्थाका लगायतका भवनहरुको विवरण लिई जिल्ला स्वास्थ्य कार्यालयले यपयुक्त स्थानको सिफारीस गर्ने ।

१०. थासाङ गाउँपालिका वडा नं.४ घाँसामा रहेको हेल्थ डेक्सलाईथप प्रभावकारी वनाउन स्वास्थ्य कार्यालय र जोमसोम अस्पतालले अवश्यक व्यवस्था मिलाउने र उक्त स्थानबाट अनुमानित जिल्ला भित्रिने कार्यमा प्रवेश अनुमती

## मिति २०७७/०५ /११ गतेको निर्णयहरु

- पास (अनुमति )नभएको व्यक्ति तथा सवारी साधनलाई यस जिल्ला प्रवेश विन्दु घासाँबाट प्रवेश गर्न पूर्ण रुपमा रोक लगाउने।
- कोभिड १९ को महामारीको समयमा यस जिल्लमा अत्यावश्यक सेवा/बस्तु ढुवानी संचालन तथा अनुमति लिई प्रवेश गर्ने व्यक्तिको व्यापक रुपमा छलफल गरियो ।
- सबै स्थानीय तहले आफ्नो गाँउपालिकामा प्रि आइसोलेशन क्वारेन्टिन स्थल स्थापना गरि सोको जानकारी ७ (सात )दिन भित्र DCCMC मा पठाउने ।
- मुस्तांङ जिल्लामा उत्पादित स्याउ तथा तरकारी बिक्री तथा खरिदको ब्यबस्थापनको लागि बगैचा धनीको जिम्मेवारीमा वडा मार्फत सिफारिस भइ आएमा ठेकेदार /थोक बिक्रेतालाई क्वारेन्टिनमा रहदै भौतिक दुरी कायम गर्दै बगैचा हेर्न जिल्ला प्रवेश दिने । तर स्याउ टिप्ने कामदार जिल्ला भित्रैबाट ब्यबस्थापन गर्नु पर्ने ।
- कोरोना संक्रमित व्यक्तिको मृत्यु हुन गएमा मृतकको शव दाहसस्कारकको लागि कुन कुन स्थान उपयुक्त हुने हो सो स्थान तोकी पठाउनको लागि घरपझोंग बाहेक सबै गाउँपलिकहरुलाई अनुरोध गर्ने ।
- विकाश निर्माण र अत्यावश्यक मर्मत समेतको काममा कामदार ल्याउने सम्बन्धमा ठेकेदारको अनुरोध र जिम्मेवारीमा साविकको निर्णय बमोजिम नै गर्ने तर अनुगमन सम्बन्धित वडा अध्यक्षबाट गर्ने ।
- सभासम्मेलन,भोज,पार्टी,सेमिनार जस्ता कार्य निषेध गर्ने निर्णय भई कार्यान्वयन गरिएको भएतापनि कार्यन्वयन चरणमा कहीकतै कमजोरी रहेको भएमा सो कमजोरी समेत हटाउदै पूर्ण निरुत्साहित गर्ने ।

## मिति २०७७/०५ /२२ गतेको निर्णयहरु

- गतका निर्णयको समिक्षा गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।
- लामो समय देखि स्वाब संकलन नभएकोले आगामी दिनमा स्वाव संकलन कार्य शुरु गर्ने, स्वाव लिएपछि रिपोर्ट नआउन्जेल सम्म अनिवार्य क्वारेन्टाइनमा बस्ने गरी स्वास्थ्यकर्मी र सुरक्षाकर्मी बाहेक सम्भावित जोखिम क्षेत्रका ५/५ जना व्यक्तिहरुको नाम २ दिन भित्र पठाउन थासांङ गाउँपालिका र घरपझोंग गाउँपालिकाकको स्थानीय CCMC लाई अनुरोध गरि पठाउने निर्णय गरियो ।
- अन्य जिल्लाबाट यस जिल्लामा कुखुराको चल्ला र जिउँदो कुखुरा ल्याउन चाहने व्यवसायीहरुलाई आवस्यक सहजीकरण गर्ने ।
- भौगोलीक अवस्था, स्वास्थ्य परिक्षण कठिनाई र अन्य व्यवस्थापकिय कठिनाई समेतको कारण साविकदेखी चलिआए बमोजिम घाँसाबाट बेलुक १८:०० देखी विहान ०६:०० बजेसम्म यात्रु, यात्रुबाहक र मालबाहक सवारी साधन जिल्ला प्रवेश रोक लगाउने ।
- RT-PCR Negative भएको ४८ घण्टा भित्र Report लिई आउने व्यक्तिहरुलाई जिल्ला प्रवेश अनुमती नलिएपनि नियमानुसार क्वारेन्टाईनमा बस्ने शर्तमा सम्बन्धित स्थानीय तहको सहमती सहित आएमा जिल्ला प्रवेश सहजीकरण गर्ने ।

## मिति २०७७/०५ /३१ गतेको निर्णयहरु

१. बिगतका निर्णयको समिक्षा गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

२. कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रले तयार गरेको " व्यारेक आईसोलेशन निर्देशिका" अनुसार सैनिक ब्यारेकको उपचारको लागि बज्रदल गणले ब्यारेक हाता भित्र ६ बेडको आईसोलेशन सेन्टर तयार गर्ने । उक्त आईसोलेशन सेन्टर स्थापना पश्चात आवश्यकता अनुसार स्वास्थ्य सामाग्री तथा स्वास्थ्यकर्मीहरु स्वास्थ्य कार्यालय एवं जिल्ला अस्पतालले उपलब्ध गराउने ।

## मिति २०७७/०५/२५ गतेको निर्णयहरु

- बिगतका निर्णयको समिक्षा गर्दा कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।
- मुस्तांङ जिल्लामा कोभिड -१९ को संक्रमण नियन्त्रणका लागि front Line मा रही काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत अति आवस्यक सेवामा संग्लग्न व्यक्तिहरुको PCR परिक्षणका लागि यथाशिघ्र जिल्ला अस्पताल जोमसोम र प्राथमिक स्वास्थ्य केन्द्र लेतेमा स्वाब संकलन गरी सोही दिनै परिक्षणका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला रामघाट पोखरामा पठाउने र स्वाब पठाईएका व्यक्तिहरुलाई रिपोर्ट प्राप्त नभएसम्म होम क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने ।
- RT-PCR का लागी स्वाब पोखरा पठाईएका व्यक्तिहरु मध्ये कुनै व्यक्तिको PCR पोजेटीभ देखीएमा त्यस्ता व्यक्तिहरुलाई आईसोलेसनमा र पोजेटीभ देखीएका व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुलाई क्वारेन्टाईनमा राखी CICT गर्नका लागि स्थानीय तहको CICT टिमलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने ।



**घाँसा नाकाबाट मुस्ताङ जिल्ला प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfection गर्दै सुरक्षाकर्मीहरु**

## स्वयम् एकान्तबास बस्ने Self - Quarantine मा बस्दा पालना गर्नु पर्ने नियमहरू

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दूरी राख्नेछु ।

२. म छुट्टै बाथरूम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरूम र शौचालय आफैं सफा गर्नेछु ।

३. म आफु बस्ने कोठा आफैं सफा गर्नेछु ।

४. म घरभित्र साझा रूपमा प्रयोग हुने ठाउँहरू जस्तै भान्सा, शौचालयमा मेरो आवात जावतलाई सीमित गर्नेछु । यी साझा ठाउँहरूमा पर्याप्त भेन्टिलेसन भएको (वा झ्याल खुला रहने) सुनिश्चित गर्नेछु ।

५. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन । म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरूमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन ।

६. म नियमित रूपमा आफ्नो हात साबुन र पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहल युक्त हेन्ड सेनिटाइजर प्रयोग गर्नेछु । म हात नधोइ मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौली र रुमाल, ओछ्यान, वा अन्य सामानहरू घरका अन्य व्यक्तिहरूसँग साझा प्रयोग गर्दिन । प्रयोग गरेपछि यी सामानहरू म साबुन र पानीले सफा संग धुनेछु ।

८. म अन्य व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. यदि अन्य व्यक्तिहरूसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दूरी राख्नेछु र म अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।

१०. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।

११. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रूमाल, मास्क र अन्य चीजहरू छुट्टै फोहोर फाल्ने ठांउमा फाल्नेछु र फाले पछि तुरून्तै कम्तिमा २० सेकेन्ड सम्मका लागी अफ्ना हातहरू साबुन र पानीले मिची मिची धुनेछु । रूमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासंग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरूको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।

१३. म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाच्नेछु र दिईएको फाराममा रेकर्ड गर्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिन सम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा बस्दा अन्य केही समस्याहरू भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरू अनुरूप गर्नेछु ।

१५. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको पूर्व अनुमति बिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

**आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ ।**

**Health Emergency Operation Centre**
Phone: 01-4250845,
Fax: 01-4250842,
E-mail: heocmohp@gmail.com,
Web: heoc.mohp.gov.np
fb: fb.com/HEOC

**Epidemiology and Disease Control Division**
Phone: 01-4255796,
E-mail: ewarsedcd@gmail.com,
Web: edcd.gov.np, fb: fb.com/edcdnepal

**COVID-19 Hotline**
Get your queries answered from
**From 8:00 AM – 8:00 PM**
**Call Center 1115**
**Call: 9851255839, 9851255837, 9851255834**

# पि.सि.आर.का लागि नमुना स्वाब संकलन



जिल्ला अस्पताल जोमसोममा स्वास्थ्यकर्मीबाट स्वाब संकलन गर्दै

मिति २०७७।०५।२५ गते बसेको कोभिड-१९ संकट व्यावस्थापन केन्द्रको निर्णय अनुसार मिति २०७७।०५।२९ गते यस जिल्लाका स्थानीय सर्वसाधरण, व्यापारी, शिक्षक, निजामती कर्मचारी, स्वास्थ्यकर्मी, कामदार मध्येबाट पि.सि.आर. नमुना परिक्षण गर्नका लागि यस घरपझोङ गा.पा.-५ मा रहेको जिल्ला अस्पताल जोमसोममा ५२ जना र थासाङ्ग गा.पा.-३ मा रहेको स्वास्थ्य केन्द्र लेतेमा २७ जना गरी कुल जम्मा ७९ जनाको नमुना स्वाब संकलन गरी सोही दिन परिक्षणका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला रामघाट पोखरा पठाईयो।स्वाब दिएका सबै ७९ जना नै स्वाब परिक्षणको रिजल्ट नआउदासम्म सुरक्षित रुपमा होम क्वारेन्टाईन बस्ने व्यवस्था गरेको र सो को सुरक्षाकर्मीद्धारा अनुगमन तथा निगरानी गरिएको । मिति २०७७।०५।२९ गते सबै ७९ जनाकै पि.सी.आर. रिपोर्ट नेगेटिभ आएको छ ।

## नेपाली सेनाको कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी गतिविधी

- यस जिल्लामाको सदरमुकाम जोमसोममा रहेको बज्रदल गणमा कोभिड-१९ सँकट व्यव्थापन केन्द्रले तयार गरेको ब्यारेक आईसोलेसन निर्देशिका अनुसार ब्यारेकमा कार्यरत नेपाली सेनाका कर्मचारीहरुलाई कोभिड-१९ संक्रमण भएको खण्डमा ६ (छ) वेडको आईसोलेशन तयार थरिएको छ ।



**मार्फामा Disinfection गर्दै सुरक्षाकर्मीहरु**

## नेपाल प्रहरीको कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी गतिविधी

- यस जिल्लामा प्रवेश गर्ने एक मात्र नाका थासाङ्ग गा.पा वडा नं. ४ घाँसामा नेपाल प्रहरीद्वारा चेक जाच, सवारी साधनलाई Disinfection गरिदै आएको छ । त्यस्तै कोभिड -१९ सम्बन्धी सर्वाधरणका लागी जनचेतनामुलक संदेशहरु माईकीङ्ग गरिएको छ । यस जिल्लामा आउने ढुवानीका सवारी साधनका चालक सह चालकलाई कोभिड -१९ नियन्त्रणको मापदण्ड अनुसार खाने बस्ने ब्यावस्थामा सहजीकरण गर्दै आएको छ ।
- अनिर्वाय रुपमा घर बाहिर निस्किदा माक्स नलगाएको खण्डमा संक्रमण रोग नियन्त्रण ऐन बमोजिम रु १०० जरिवाना गरी उपरान्त माक्स लगाउने सहमतीमा हस्ताक्षर गरी छाडिएको । हालसम्म ११२ जनालाई माक्स नलगाईएको कारण रु १०० का दरले जरिवाना गरेको र १४५ जनालाई सम्झाई बुझाई गरी पठाईएको छ ।



नेपाल प्रहरीद्वारा मार्फामा कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी माईकिङ्ग गर्दै

## सशस्त्र प्रहरी बलको कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी गतिविधी

यस जिल्लाको सदरमुकाम जोमसोम लगाएत कागवेनी, ठिनी, मार्फमा शसस्त्र प्रहरी नायव उपरिक्षक आनन्द थापा मगरको नेतृत्वमा दैनिक कोभिड -१९ सम्बन्धी सर्वाधरणका लागी जनचेतनामुलक संदेशहरु माईकीङ्ग गरिएको छ । त्यस्ता संदेशहरुमा कोरानाका लक्ष्यण, बच्ने उपायहरु सेल्फ क्वारेन्टाईनमा बस्दा पालना गर्नु पर्ने नियमहरु लगाएत नेपाल सरकार र जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको कोभिड-१९ नियन्त्रणका लागी गरिएको निर्णयहरु पनि माईकीङ्ग गरिएको छ । यस जिल्लाको लोमान्थाङ्ग गा.पा.मा रहेको शसस्त्र प्रहरीको बि.ओ.पी.बाट शसस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा लोमान्थाङ्ग क्षेत्रमा कोभिड -१९ सम्बन्धी सर्वाधरणका लागी जनचेतनामुलक संदेशहरु माईकीङ्ग गरिएको छ ।




सशसत्र प्रहरीद्वारा कागबेनीमा कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी माईकिङ्ग गर्दै

## जिल्लामा रहेका कोभिड-१९ सम्बन्धी हेल्थडेस्कहरु

- घाँसा
- जोमसोम बिमानस्थाल
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग

मिति २०७७/०५/०१ गते देखी मिति २०७७।०५।३१ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट जम्मा ११७८(पुरुष-८७६, महिला-३०२) जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



कोभिड-१९ सम्बन्धी स्वास्थ्य परिक्षण गर्दै स्वास्थ्यकर्मीहरु।

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |



## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|
| २९ | २९ | - | २१ | २१ | - | ७१ |

- हालसम्म गरिएका स्वाव टेस्टको नतिजा मध्ये १५० जनाको Negative र १ (एक) जनाको Positive आएको (पुन:परिक्षण गर्दा नेगेटिभ आएको) ।


## यस जिल्लामा रहेको ५ वटै गा.पा.हरुमा प्रि आईसोलेशन स्थापना गरिएको



**कोभिड १९ सम्बन्धि माईकिङद्धारा जनचेतना फैलाउँदै सुरक्षाकर्मीहरु**

मिति २०७७।०५।११ गते बसेको DCCMC को बैठकको निर्णय अनुसार सबै स्थानीय तहले आफ्नो गाउपालिकामा प्रि-आईसोलेशन क्वारेन्टिन स्थल स्थापना गरिएको छ । यस जिल्लाका घरपझोङ्ग गा.पा.,लो-घेकर दामोदर कुण्ड गा.पा, बारागुङ मुक्तिक्षेत्र गा.पा. र लोमान्थाङ्ग गा.पा.हरुले सयुक्त रुपमा घरपझोङ्ग गा.पा. वडा नं.४ मा रहेको ७० बेड क्षमता भएको होटल प्राईडलाई स्वास्थ्य प्रोटोकल बमोजिम प्रि-आईसोलेशनको लागि आवश्यक व्यवस्था गरेको छ । थासाङ्ग गा.पा.ले प्रि-आईसोलेशनका लागि धौलागिरी टेक्निकल स्कुलको स्वमित्वमा रहेको १२ बेड भएको पाईन फरेष्ट होटललाई स्वास्थ्य प्रोटोकल बमोजिम प्रि-आईसोलेशनका लागि व्यवस्थापन गरेको छ ।

## मुस्ताङ जिल्लामा बैशाख महिनादेखी भाद्र महिनासम्म गरिएको स्वाव संकलनको तुलनात्मक चार्ट




## कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि गरिएको कार्यहरुको निरन्तरता

मुस्ताङ जिल्लामा हाल कोरोना संक्रमितको संख्या शून्य भएता पनि कोरोना नियन्त्रण तथा रोकथाम हेतु मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका थासाङ गाउँपालिका वडा नं. ४, घाँसाबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य चेकजाँच गरिदैं आएको छ । स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको टोलीद्धारा स्वास्थ्य परिक्षण तथा सवारी साधन Disinfection का कार्यहरुलाई निरन्तरता दिईएको छ ।

स्वास्थ्य चेकजाँच गर्दा लक्षण देखिएमा सम्बन्धित गाउँपालिकाहरुद्धारा तोकिएको प्रि-आईसोलेशन राख्ने व्यवस्था गरिएको छ ।मुस्ताङ्ग जिल्लामा उत्पादित स्याउ तथा तरकारी बिक्री तथा खरिदको व्यवस्थापनको लागी बगैचा धनीको जिम्मेवारीमा वडा मार्फत सिफारीस भई आएमा ठेकेदार थोक बिक्रेतालाई क्वारेन्टिनमा रहदै भैतिक दुरी कायम गर्दै बगैचा हेर्न जिल्लामा प्रवेश दिईको छ ।त्यस्तै बिकास निर्माण र अत्यावश्यक मर्मत समेतको कामका लागी एक पटकमा १५ जना कामदारहरु ल्याउन दिईएको छ ।सो कामदारहरुको अनुगमन सम्बन्धित वडाको अध्यक्षबाट गर्ने गरेको छ । कामदारहरुलाई बस्तीबाट टाढा काम गर्ने कार्यस्थलमा नै राखिएको छ । कामदारहरुलाई कार्यस्थल छाडी बजार जान निषेध गरिएको छ र आवश्यक सम्पुर्ण व्यवस्था कार्यस्थलमा नै ठेकेदारले व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाईएको छ ।

**अंक १ देखि अंक ६ सम्म पाक्षिक रुपमा प्रकाशन हुँदै आएकोमा प्रस्तुत अंक ७ बाट जिल्लास्तरिय CCMC को निर्णयानुसार मासिक रुपमा प्रकाशन गरिएको।**




### प्रकाशक

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, मुस्ताङ**

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang
Email : daomustang@gmail.com
daomustang@moha.gov.np